सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily
जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १३५ | वि.सं. २०७९ मंसिर २९ गते बिहीबार | 15, 2022 Thursday, DEC | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## स्वर्गीय पत्रकार सर्राफको स्मृतिमा महासंघद्वारा अक्षय कोष स्थापना ।




बीरगन्ज । बीरगन्जका पत्रकार स्वर्गीय नरेश सर्राफको समृतिमा नेपाल पत्रकार महासंघ पर्सा शाखाले अक्षय कोष स्थापना गरेको छ ।

महासंघ पर्सा शाखा कार्य समिति सदस्य समेत रहेका सर्राफको १३ औं दिनको पूण्य तिथीमा बुधबार बसेको पर्सा शाखाको बैठकले अक्षय कोष स्थापना गर्ने निर्णय गरेको हो ।

बुधबार नै सर्राफको १३ औं दिनको पूण्य तिथीमा आयोजित श्रद्धान्जली सभामा शाखा अध्यक्ष अनुप तिवारीले यस बारे जानकारी गराएका हुन् ।

स्वगीय सर्रापकी पत्नि र छोरीको स्वामित्व रहने गरि महासंघले तत्कालका लागि आफनो तर्फबाट १ लाख ५० हजार रुपैया जम्मा गरेर clfo sflf :ylkf ug] lg0fb u/]sf] cWof It j f/Ln] hfgsf/L गराए ।

उक्त कोषमा पूर्व मन्त्री एंव पर्सा क्षेत्र नम्बर १ का नवनिर्वाचित प्रतिनिधीसभा सदस्य (सांसद) प्रदीप यादवले पनि १ लाख रुपैया उपलब्ध गराउने घोषणा गरे ।

बुधबार आयोजित श्रद्धान्जली सभामै नवनिर्वाचित प्रतिनिधीसभा सदस्य यादवले स्वर्गीय पत्रकारको आश्रीत परिवारको राहतका लागि प्रधानमन्त्रीलाई भेटेर सरकारका तर्फबाट ५ देखि १० लाख बिचको रकम उपलब्ध गराउन आफुले पहल गर्ने प्रतिबद्धता पनि जनाए ।

त्यस्तै उक्त कोषमा ए न्युज टेलिभिजनका सञ्चालक एवं प्रेस युनियनका केन्द्रिय सचिव अशोक तिवारीले २१ हजार रुपैयाँ उपलब्ध गराउने घोषणा गरे ।

***बाँकी तेश्रो पृष्ठमा***

## दाईजो विरुद्धको कसुरमा डा. पंकज चौधरी पक्राउ ।



महोत्तरी । दाइजो विरुद्धको कसुरमा डा. पंकज चौधरीलाई प्रहरीले पक्राउ गरेको छ । महोत्तरीको रामगोपालपुर ५ का ३५ वर्षीय पंकजलाई प्रहरीले मंगलबार साँझ पक्राउ गरेको हो ।

पत्नी नेहाले दिएको दाईजो विरुद्धको जाहेरीको आधारमा पंकजलाई पक्राउ गरेको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी सन्तोष पोखरेलले जानकारी दिए । दाईजोविरुद्धको कसुरमा कारबाही गर्न पंकजमाथि अनुसन्धान गरिरहेको डिएसपी पोखरेलले बताए ।

उनलाई जिल्ला प्रहरी कार्यालय जलेश्वरको हिरासतमा राखिएको छ । गत फागुनमा नेहा र पंकजको समाजिक परम्परा अनुसार विवाह भएको थियो ।

जसमा नेहाको माइत पक्षले नगद र सुनचाँदी गरी १ करोड २५ लाख रुपैयाँ खर्च गरेको थियो । पंकजले दाइजोमा काठमाडौंमा घर किनिदिन भन्दै आफूमाथि कुटपिट तथा यातना दिँदै आएको नेहाको आरोप छ ।

## भोज खाएका २ सय बढी बिरामी परेपछि चितवन गार्डेन रिसोर्ट शील।



वीरगञ्ज । चितवनमा बिहे भोज खाएर दुई सय जनाभन्दा बढी बिरामी परेपछि चितवन गार्डेन रिसोर्टमा शील गरएको छ ।

रिसोर्टमा आयोजना गरिएको विवाह भोजमा सहभागी भएका २ सय जनाभन्दा बढी एकै पटक बिरामी परेपछि जिल्ला प्रशासन कार्यालयले होटल शील गरेको हो ।

चितवनका सहायक प्रमुख जिल्ला अधिकारी चिरञ्जीवी शर्मा र चितवन क्षेत्र नं.२ का सांसद रवि लामिछानेको उपस्थितिमा रिसोर्टमा शील लगाइएको हो ।

नवलपुरको गैंडाकोटबाट भरतपुर जन्ती आएकाहरु यस रिसोर्टमा शुक्रवार बिहे भोज खाएपछि बिरामी परेका थिए ।

बिहे भोज खाएकाहरुलाई ज्वरो आउने, पेट दुख्ने, पखाला लाग्ने समस्या भएपछि अस्पताल भर्ना गरिएको छ । यी समस्या देखा परेका बिरामीहरुलाई हस्पिटलमा भर्ना हुन आग्रह गरिएको होटलका प्रबन्ध निर्देशक जनार्दन रिजालले जानकारी दिनुभयो । उहाँका अनुसार ६६ जनाले उपचार समेत गराइसकेका छन्।

***बाँकी तेश्रो पृष्ठमा***

## शूल्क बढाउने भन्दा पनि शैक्षिक गुणस्तर बढाउने स्वच्छ प्रतिस्पर्धा गर्न मेयर सिंहको सुझाव



वीरगञ्ज, २८ मंसिर । वीरगञ्ज महानगरभित्रका संस्थागत विद्यालेको स्तरीकरण एवम् शूल्क निर्धारणलाई

***बाँकी तेश्रो पृष्ठमा***

## वीरगञ्ज महानगरले फोहर व्यवस्थापनको लागि मोबाइल एप्लिकेशन ल्याउद




वीरगंज । वीरगंज महानगरपालिकाले नगरको फोहोर व्यवस्थापनका लागि नयाँ प्रबिधि तरिका, मोबाईल एप्लिकेशन प्रयोगमा ल्याउन लागेको छ ।

'द एसिया फाउण्डेशन' को सहयोग र क्लिन अप नेपालको प्राविधिक व्यवस्थापनमा महानगरले मोबाईल एप्लिकेशन प्रयोगमा ल्याउन लागेको हो । सोमबार महानगर र क्लिन अप नेपाल बीच सम्झौता भएसँगै केही दिनमै यो एप्लिकेशन प्रयोगमा आउने जानकारी प्राप्त भएको छ। एप्लिकेशन प्रयोगकर्ताले नगरको कुनै पनि ठाउँमा जथाभावी फोहोर फालेको देखेमा वा फोहोर जम्मा भएको देखेमा फोटो खिचेर एप्लिकेशनमा रिपोर्ट गर्न सक्ने छन् । यसरी रिपोर्ट गरेको फोटोको आधारमा स्थान निर्धारण गरेर फोहोर व्यवस्थापनका लागि तत्कालै महानगरको टोली खटिने छ ।

फोहोर फाल्दै गरेको व्यक्तिसहितको फोटो पठाए फोहोर फाल्नेको पनि पहिचान गरेर उसलाई दण्डित गरिने मेयर सिंहले बताए । फोटो पठाउनेलाई भने नगर सफाई अभियानमा सहयोग गर्ने अभियन्ताको रुपमा हौसला बढाउन जरिवानाबाटै पुरस्कारको व्यवस्था मिलाउने छ । यसरी फोहोर फाल्नेको फोटो खिचेर सूचना दिनेको पहिचान भने गोप्य राखिने छ ।

महानगरको सभाकक्षमा मंगलबार महानगरका उपमेयर इम्तियाज आलम, प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेल, सबै वडाका वडा अध्यक्ष र सचिवहरु तथा महानगरका कर्मचारीलाई एप्लिकेशन प्रयोगका बारेमा जानकारी गराईएको छ ।

सर्वसाधारणले फोटो खिचेर पठाएका समस्या कसरी थाहा पाउने र समाधान कसरी गर्ने भन्ने बारेमा कर्मचारीहरुलाई प्रशिक्षित गर्ने काम क्लिन अप नेपालका रविन्द्र लामिछाने र विनम्र भुषालले गरेका थिए । कार्यक्रमको सहजिकरण द एसिया फाउण्डेसनकी लक्ष्मी कुमारी गुप्ताले गरेकी थिइन् ।



ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस

# आर्थिक छटपटीसँगै सहअस्तित्वको संघर्ष

**अशोक शेरचन**

केही वर्षयता नेपाली अर्थव्यवस्थाले तरलता अभावको चरम समस्या बेहोरिरहेको छ । कहिले सरकारको कार्यक्षमता, कहिले विप्रेषण आप्रवाहमा कमी, कहिले बैंकहरूको अन्धाधुन्ध लगानी र कहिले कोभिड-१९ लाई यसको कारकका रूपमा व्याख्या गर्दै हामी पन्छिने गरेका छौं ।

अल्पकालीन समस्या ठानेर हामीले यसलाई खासै गहन रूपमा लिएका छैनौं । तर यो दीर्घरोगका रूपमा अर्थव्यवस्थाका लागि महँगो साबित हुँदै गएको छ ।

नीतिनिर्माताहरूले अल्पकालीन दबाईहरूको परीक्षण गर्दै ढुक्क हुन खोज्दा दीर्घरोगले अर्थव्यवस्थालाई कोमामा पुर्‍याउने सम्भावना बढेको छ । अर्थशास्त्री र विश्लेषकहरूले विश्वकै अर्थतन्त्र मन्दीमा जाने अनुमान गरिरहँदा हामी पनि त्यसबाट अछुतो रहन सक्दैनौं । किनकि हाम्रो अर्थतन्त्र परनिर्भर छ । अनगिन्ती अवसर पाउँदा पनि हामीले त्यसको उचित प्रयोग गर्न नजान्दा आत्मनिर्भर बन्न सकेनौं । व्यापारघाटाको तथ्यांक पनि कहालीलाग्दो छ ।

अन्तर्राष्ट्रिय बजारको मूल्यवृद्धि, महँगिँदै गएको ढुवानी खर्च, इन्धनजन्य वस्तुहरूमा देखिएको आरोह-अवरोह, भूराजनीतिक खिचातानी र वातावरणीय प्रतिकूलताका कारण विश्वसँगै हामीले पनि मन्दीको (महा)संकट बेहोर्नुपर्ने देखिएको छ ।

व्यापार (अ)सन्तुलन

पाँच वर्षकै अवधिमा देशको व्यापार असन्तुलन निकै ठूलो भइसकेको छ । आयातित व्यापारको स्वरूप निकै डरलाग्दो छ । पाँच वर्षकै अन्तरालमा आयातमा करिब ७ खर्ब रुपैयाँ बराबरको बढोत्तरी भनेको पक्कै पनि चिन्ताको विषय हो । निर्यातमा खासै बढोत्तरी नभएका कारण व्यापार घाटाले अकल्पनीय फड्को मारेको छ, देशकै बजेटलाई पनि उछिनेको छ ।

चालु आर्थिक वर्षका चार महिनाको मात्रै तथ्यांकले पनि त्यस्तै देखाउँछ । गत आर्थिक वर्षहरूका तुलनामा आयात र निर्यात दुवै घटेको छ । आयात १८ प्रतिशतले घट्दा निर्यात ३३ प्रतिशतले घटेको छ ।

सरकारले केही सामग्रीको प्रतिबन्ध गरेका कारण आयात घट्यो, निर्यात घट्नुपर्ने त कुनै कारण छैन । आयात प्रतिबन्ध लगाइएका बेला झन् आत्मनिर्भरताको परिणाम देखिनुपर्ने हैन र ? आत्मनिर्भरताका कथा कथेर नथाक्ने नेता र नीतिनिर्माताहरूले देशको वर्तमान सूचकांकप्रति लज्जाबोध गरे हुने ।

किनकि देश टाट पल्टेको घोषणा गर्नुपर्ने हो कि भन्नेसम्मको त्रास अगाडि छ । विदेशी मुद्राको सञ्चयमा छोटो अवधिमै भएको क्षयीकरणले त्यही त्रासलाई बल पुर्‍याइरह्यो ।

१२ महिनासम्मको वस्तु तथा सेवाको आयात धान्ने विदेशी मुद्रा बोकेर बसेका हामी छोटो अवधिमै ६ महिनामा झर्‍यौं । जुन गतिमा आयातको चढाव, निर्यातको कछुवा चाल, विदेशी मुद्रा सञ्चितिको अधोगति र व्यापार घाटाको खाडल बढ्दै गएको छ, त्यो भविष्यका लागि शुभ संकेत पक्कै होइन ।

आयात नियन्त्रण गर्नुपर्ने, निर्यात र विदेशी मुद्राको सञ्चिति बढाउनुपर्ने र व्यापारघाटा घटाउनुपर्ने चुनौती छ । अहिलेकै अवस्थामा निर्यातमा नाटकीय बढोत्तरीको सम्भावना छैन । आयातमा कम आवश्यकताका वस्तुको पहिचान गरी थप नियन्त्रण आवश्यक देखिन्छ, जसका कारण आयात, व्यापार घाटा एवं विदेशी मुद्रा सञ्चितिमा तुरुन्तै सकारात्मक असर देख्न सकिन्छ । तर यो स्थायी समाधान पक्कै होइन, खुला बजारको परिकल्पनाभित्र पनि पर्दैन । तर खुला बजारका परिकल्पनाकारहरूले नै अहिले आफ्नो अनुकूलतामा नियन्त्रणमुखी अर्थव्यवस्थालाई प्रश्रय दिन खोजिरहेका छन् । त्यसो हो भने हामीले पनि कतिपय वस्तु तथा सेवाको आयात नियन्त्रण गर्नु जरुरी हुन्छ ।

ब्याजदर

ब्याजदरको उतारचढावले अर्थव्यवस्थामा निकै ठूलो प्रभाव पार्छ भन्ने बुझ्न सेयर बजारको आरोह-अवरोह मात्र हेरे पुग्छ । हुन त सेयर बजारलाई जुवाघर पनि भन्ने गरिन्छ तर ब्याजदरको उतारचढावले यसलाई प्रत्यक्ष प्रभाव पार्ने गर्छ, पारिरहेको छ । पाँच वर्षयताको तथ्यांक मात्र हेर्दा पनि यो महसुस गर्न सकिन्छ । आर्थिक वर्ष २०७६/७७ मा नेप्से इन्डेक्स १३६२ हुँदा बैंकको औसत ब्याजदर र बेसरेट क्रमश: १०.११ र ८.५० प्रतिशत थिए । तर लगत्तै आर्थिक वर्ष २०७७/७८ मा इन्डेक्स २८८३ पुग्यो ।

उक्त समयमा बैंकको औसत ब्याजदर र बेसरेट झरेर क्रमश: ८.४३ र ६.८६ प्रतिशत थिए । गत वर्षको अन्त्यमा नेप्से इन्डेक्स २००९ मा झर्दा माथिका दुवै दर बढेर ११.६२ र ९.५४ प्रतिशत पुगे । अझै बढ्ने क्रममै छन् । यसले बजार करिब १५०० को वरिपरि झर्न सक्छ भन्ने इंगित गरिरहेको छ । भान्सा निकै महँगिएको गुनासो आम सर्वसाधारणको छ । हुन पनि खाद्य र गैरखाद्यवस्तुको मूल्य अघिल्लो वर्षका तुलनामा दुई गुणाभन्दा बढीले बढिसकेको छ ।

ब्याजदरमा आएको परिवर्तनले अर्थव्यवस्थाका सम्पूर्ण अंगलाई प्रभावित पार्छ नै । ब्याजदर बढ्नुको मख्य कारण तरलता अभाव रहेको सत्य लुकाइराख्नु पर्दैन । केही समयदेखि घरजग्गा कारोबारमा पनि मन्दी छाएको छ । सरकारी नीतिकै कारण जग्गाको कित्ताकाट रोक्का रहेकाले बेचबिखनमा कमी आएको छ, जसबाट तरलता बढ्छ कि भन्ने भ्रम तोडिइसकेको छ ।

रेमिट्यान्स

कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को ३० प्रतिशत बराबरको रेमिट्यान्स आप्रवाह, निर्यात र निक्षेप संकलन पनि बढेकै देखिन्छ । तर तरलता र विदेशी मुद्रा सञ्चितिमा कुनै सुधार देखिँदैन ।

भनिन्छ, नेपालीहरूले विदेशको कमाइको ठूलो हिस्सा अनौपचारिक माध्यमबाट पठाउँछन् । स्वाभाविक पनि हो, किनकि विनिमय दर बढी पाइन्छ, सेवा सहज हुन्छ र कागजातको पनि झन्झट हुँदैन । यो गैरकानुनी हो तर पनि यसमा पूर्ण रूपमा रोक लगाउन कुनै देशले सकेको छैन । यति हुदाँहुँदै पनि औपचारिक माध्यमबाट नेपाल भित्रिने रेमिट्यान्स हरेक वर्ष बढेको छ । तर पनि यसले तरलता र विदेशी मुद्रा सञ्चितिलाई टेवा दिन सकिरहेको छैन । आयातका तुलनामा निर्यातको अंश धेरै सानो छ । त्यही निर्यातमा पनि आयातित वस्तुहरूमा केही विशेषता थपथाप गरी पठाइने वस्तुहरूको बाहुल्य छ ।

निर्यात रकम पाँच वर्षमा (२०७४/७५ देखि २०७८/७९ सम्म) ८० अर्बबाट २ खर्ब रुपैयाँ पुग्दा आयात सोही समयमा १२ खर्बबाट १९ खर्ब रुपैयाँ पुगेको छ । तरलता संकुचनमा आयातको भूमिका ठूलो छ भन्दै गर्दा हामीले निर्यात पक्षमा पनि खासै उत्साहजनक उपलब्धि हासिल गर्न सकेका छैनौं ।

निक्षेप संकलन र निजी क्षेत्रमा प्रवाहित कर्जा लगानीको रकम जीडीपी हाराहारी पुगिसकेको छ । कोभिडका कारण विश्वसँगसँगै हाम्रो पनि आर्थिक वृद्धिदर केही वर्षदेखि खुम्चिएको छ ।

कोभिडको मारबाट पार नपाउँदै रुस-युक्रेन युद्धले विश्वलाई आर्थिक मन्दीतर्फ धकेलिदिएको छ । इन्धनजन्य वस्तुहरूमा मूल्यवृद्धि, वितरण प्रणालीमा समस्या, उत्पादनका प्रक्रियाहरूमा रोकावट, शक्तिराष्ट्रहरूबीच गुटबन्दी, व्यापारमा एकअर्कोलाई निषेध गर्ने प्रवृत्ति

***बाँकी तेश्रो पृष्ठमा***

# निर्वाचन प्रणाली र मन्त्री संख्या

**खिमलाल देवकोटा**

नेपालको संविधानका अधिकांश राम्रा पक्षमध्ये समानुपातिक सहभागितामूलक प्रतिनिधित्वको सुनिश्चितता एउटा हो । संविधानले महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम, पिछडा वर्ग, अल्पसंख्यक, सीमान्तीकृत, अपांगता भएका व्यक्ति आदि आर्थिक-सामाजिक रुपले पछाडि परेका समुदाय तथा व्यक्तिहरूलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायहरूमा सहभागिता गराउनुपर्ने विषयलाई मौलिक हकका रूपमा समावेश गरेको छ ।

कार्यान्वयन पक्ष, विशेष गरी महिलाको समावेशिताको पाटो हेर्दा स्थिति उत्साहजनक नै छ । संसारभरिका व्यवस्थापिका संसद्हरूको साझा संगठन व्यवस्थापिका संघ (इन्टरपार्लियामेन्टरी युनियन) का अनुसार, संसारभरिका संसद्मा महिलाको प्रतिनिधित्व औसत २६ प्रतिशत छ । भारत र चीनमा क्रमश: १५ प्रतिशत र २५ प्रतिशत छ । जापानमा १० प्रतिशत, कोरियामा १८ प्रतिशत र अमेरिकामा २८ प्रतिशत छ । जबकि नेपालमा ३४ प्रतिशत छ । नेपालको स्थानीय तहमा महिलाको प्रतिनिधित्व जापान, नर्वे, बेलायत, अस्ट्रेलिया लगायतका विकसित देशहरूभन्दा पनि राम्रो छ । जस्तो, जापानको स्थानीय तहमा महिलाको प्रतिनिधित्व १३ प्रतिशत र क्यानडामा २७ प्रतिशत छ भने नेपालमा ४१ प्रतिशत । समावेशिताका सबै पक्षको सूक्ष्म विश्लेषण गर्ने हो भने केही कमीकमजोरी त छन्, तर समग्रतामा निराश हुनुपर्ने स्थिति छैन ।

संविधानमा राम्रा पक्षहरू हुँदाहुँदै पनि निर्वाचन प्रणाली, संसद्/सांसद र मन्त्रिपरिषद्को संख्या आदि लगायतमा भने समस्या छ । निर्वाचनकै कुरा गर्दा, मिश्रित प्रणालीका कारण जतिसुकै लोकप्रिय राजनीतिक दललाई पनि बहुमत ल्याउन कठिन छ । यसमा सुधारका लागि समानुपातिक समावेशी प्रतिनिधित्वको सवाललाई प्रत्यक्षमा समावेश गरेर समानुपातिक निर्वाचन प्रणाली खारेज गरी प्रत्यक्ष निर्वाचन प्रणालीमा जानुपर्छ । सांसदको संख्या पनि कटौती गर्नुपर्छ । प्रतिनिधिसभामा कुल सांसदसंख्या २७५ छ, जुन बोझिलो भयो । २७५ सदस्यमध्ये १६५ प्रत्यक्ष जनताबाट चुनिएर आउने र बाँकी ११० समानुपातिक निर्वाचन विधिमार्फत निर्वाचित हुने संवैधानिक व्यवस्था छ । यसमा सुधारका लागि, प्रतिनिधिसभामा प्रत्यक्षतर्फ सांसदको संख्या १६५ मात्र बनाउने र समानुपातिकका ११० लाई पूरै खारेज गर्नुपर्छ । समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चितताका लागि प्रत्यक्षका १६५ मा ४० प्रतिशत छुट्याएर महिला-महिला, दलित-दलित, मुस्लिम-मुस्लिम आदि पछाडि परेका वर्ग र समुदायबीच मात्र प्रतिस्पर्धा गराउने विधिमा जानुपर्छ । यसरी प्रतिस्पर्धा गराउँदा रोटेसनका आधारमा निर्वाचन क्षेत्र निर्धारण गर्ने विधि बसाल्नुपर्छ । यस्तै व्यवस्था प्रदेशमा समेत अपनाउन आवश्यक छ । सातवटा प्रदेशका प्रदेशसभा सदस्यको कुल संख्या ५५० छ । यीमध्ये ३३० जना प्रत्यक्ष निर्वाचन प्रणाली र २२० जना समानुपातिक निर्वाचन प्रणालीबाट छनोट हुन्छन् । प्रतिनिधिसभामा जस्तै प्रदेशका समानुपातिकतर्फको २२० सदस्यसंख्यालाई पूरै खारेज गरेर प्रत्यक्षबाट निर्वाचित हुने ३३० मात्र राख्ने र यीमध्ये ४० प्रतिशत समावेशिताका लागि अलग गरेर निर्वाचन क्षेत्र सुरक्षित गरी पछाडि परेका र पारिएका वर्ग तथा समुदायहरूबीच मात्र रोटेसनका आधारमा प्रतिस्पर्धा गराउने विधि बनाउन जरुरी छ । यस विधिले सांसदको संख्या चुस्त पार्छ, समानुपातिक निर्वाचन प्रणालीमा रहेको विकृतिको अन्त्य हुन्छ । सबभन्दा ठूलो कुरो, मुलुकमा राजनीतिक स्थायित्व हुन्छ । सांसद संख्यामा कटौतीले राज्यको ठूलो वित्तीय स्रोत र साधन बच्छ, मुलुकले पनि संघीय शासन व्यवस्था खर्चिलो र भड्किलो भयो भन्ने दोषारोपणबाट मुक्ति पाउँछ ।

प्रत्यक्ष निर्वाचन प्रणाली धेरै खर्चिलो भयो भन्ने गुनासाहरू छन् । यसमा सुधारका लागि धेरै उपाय अवलम्बन गर्न सकिन्छ । जस्तो, फेसबुक लगायतका सामाजिक सञ्जालबाट गरिने विज्ञापन पूरै रोक्न सकिन्छ । यो जरुरी पनि छ किनकि यसमा गरिएको खर्च पूरै बिदेसिने गरेको छ । चुनावी प्रचारप्रसारका लागि प्रयोग गरिने चारपांग्रे सवारीसाधनमा नियन्त्रण गर्न सकिन्छ । फेरि, खर्च गरेर मात्र चुनाव जितिँदैन भन्ने सन्देश धरान लगायतका स्थानीय तहको चुनाव एवं हालैको प्रतिनिधिसभा र प्रदेशसभाको चुनावले पनि दिएको छ । पैसावाला कैयौं उद्योगी-व्यापारी, ठेकेदार लगायत चुनावमा पराजित भएका छन् । पैसा हुने र सत्तामा बस्नेले मात्र चुनाव जित्ने भए गृहमन्त्री बालकृष्ण खाँण र मन्त्री उमेश श्रेष्ठ पराजित हुने थिएनन् होला । पम्फा भुसाल, उमाकान्त चौधरी, जीवनराम श्रेष्ठ लगायतका मन्त्रीहरूले पनि हार्ने थिएनन् ।

नेपालको संघीयता कार्यजिम्मेवारीमा विकेन्द्रित छ । साबिक एकात्मक व्यवस्थाको नेपाल सरकारले गर्ने शिक्षा, स्वास्थ्य, सडक, खानेपानी आदि सम्बन्धी कामहरूमा आधाभन्दा बढी प्रदेश र स्थानीय तहमा गएका छन् । कार्यजिम्मेवारी तल सरेको छ ।

***बाँकी तेश्रो पृष्ठमा***

# मतदाताको मनोविज्ञान

**सुदर्शन आचार्य**

हारको दोषको 'भाष्य' चाहिँ अर्कैको भागमा पुर्‍याइदिने प्रवृत्ति नै नेपालको राजनीतिमा देखिएको अपरिपक्वता हो।

निर्वाचनको पूर्ण परिणाम प्राप्त अगावै नेपाली कांग्रेसभित्र संसदीय दलको नेता चयनको सन्दर्भले नेपाली राजनीति नै गर्माएको छ। कांग्रेस महामन्त्री गगनकुमार थापाको पक्षमा पार्टीभित्रको सांसदहरूको लहर र मतदाताको दबाबसमेत देखिएको छ। जसका कारण कांग्रेसभित्रको राजनीतिमा पराकम्प पैदा भएको हो।

महामन्त्री थापाकै असहयोगबाट कांग्रेसका उम्मेदवार पराजित भएको भन्ने 'कथित भाष्य' निर्माणमा पार्टीको संस्थापन पक्ष लागेको छ। जसलाई 'गोयबल्स' शैलीमा प्रस्तुत भएको छ। महामन्त्री थापा काठमाडौं निर्वाचन क्षेत्र नम्बर ४ मा प्रत्याशी हुनुपूर्व नै 'मिसन पीएम' भन्ने विषयले देशैभर चर्चामा थिए।

परम्परागत राजनीतिमा 'नो नट अगेन'वाला पुस्ताकै बोलवाला चलिरहेको छ। महामन्त्री थापालाई काठमाडौं ४ का मतदाताले त अनुमोदन गरे नै, कांग्रेस संसदीय दलबाटै भने अनुमोदन हुने, नहुने विषय केही दिन पर्खनै पर्ने हुन्छ।

सांसदहरूबाट गरिने अनुमोदनका सन्दर्भमा सांसदहरूको 'हेड काउन्ट' कुर्नुपूर्व एउटा 'लख' काट्न सकिन्छ। निर्वाचनमा संस्थापन पक्षबाट वितरण गरिएको टिकटका आधारमा निर्वाचित सांसदहरूबाट यस पटक नेपाली राजनीतिलाई युवाहरूकै हातमा ल्याउने तयारी तथा चाहना पूरा नहुन सक्छ। मुलुकभर युवाहरूको पक्षमा जनलहर देखिएको छ। जसका कारण नेपालका राजनीतिक दलका 'प्रौढ' नेताले आफू र आफू नेतृत्वको राजनीतिक दल सच्चिएको सन्देश प्रवाहित गर्न सक्नुपर्छ। 'ड्राइभिङ सिट' त्याग गर्न सक्नुपर्छ।

युवाको मनोविज्ञान बुझ्न नसक्दा आगामी दिन कोही कसैका निम्ति पनि सहज छैन।

सन्दर्भ काठमाडौं ४ बाट निर्वाचित सांसद थापाकै हो। थापाले जव 'मिसन पीएम'को विषय निर्वाचन अगावै उठाए, तब 'इपी सेन्टर' काठमाडौं ४ बन्न पुग्यो भने तरंग देशभर !

कांग्रेसकै कतिपय नेताले त मलिनो स्वरमा 'बेला नभएको' टिप्पणी गर्न पुगे। कतिपय नेता निर्वाचन अवधिभर मौन रहे। जव निर्वाचन सम्पन्न भयो, सतहमा दुईथरी मत 'लाजमर्दो तरिका'ले देखा पर्न थाल्यो। एउटा मत थियो- अब म पनि पीएम !

दोस्रो मत थियो- सरकारी साधनस्रोतसमेत प्रयोग गरी राष्ट्रिय झण्डासहित निर्वाचनमा गएर नमिठो हार व्यहोरेपश्चात् 'गगनले हराइदियो' ! यसरी टिप्पणी गर्ने नेताले हेक्का राख्न सक्नुपर्छ- भोलि जनताले के भन्लान् ?

तेस्रो र मूल विषय 'गगनकुमार थापा'को राजनीतिक उचाइबाट आरिसवाला एउटा समूह छ। जुन समूह कांग्रेसबाट पराजय भोगेकाहरू सबैको दोषको भागीदार स्वयम् गगन हुन् भन्ने भाष्य सिर्जना गर्न चाहन्छ ! गठबन्धन हुँदा पनि जित निकाल्न असक्षम स्वयम् मन्त्रीले पनि हारको दोषको भागीदार स्वयम् गगनलाई नै बनाउनुको अर्थ रहन्न। तर, उनीहरू पानी माथिको ओभानो बन्ने प्रयत्न जारी छ।

जावलाखेल आसपास भूमिगत अड्डा निर्माण गरेका मन्त्री स्वयम्ले बुझ्नै पर्ने तथ्य के हो भने- तपाईंहरू जस्ता समयको बेग बुझ्न नसक्नेलाई हराइदिएका गगन थापाले हुँदै होइनन्। स्वयम् तपाईंहरूले मतदाताको मनोविज्ञान बुझ्न नसक्नु एउटा कारण हो। अर्को कारण तपाईंहरूको 'इमेज' नै हो। सँगै, तपाईंहरूले खोज्नुपर्ने तेस्रो कारण भनेको आफ्नो हारमा बालुवाटार स्वयम्को भूमिका कति रह्यो ?

जनताले आगामी पाँच वर्षका लागि तपाईंहरूलाई संसद् बाहिर राखिदिए। अब हारको निर्मम समीक्षा गर्नुहोला- त्रुटि कहाँकहाँ भयो भनेर। तपाईंहरू कस्ताकस्ताले टिकट पाउनु भयो, समानुपातिकमा कस्ता अनुहारलाई पठाउन प्रेरित गर्नुभयो ? त्यागका बारे टिप्पणी गर्दै गर्दा एकपटक आफ्नै पार्टीका तमाम नेतातिर फर्किएर हेर्नुस् त, जीवनभर 'पद' भन्ने चिज नै नदेखि मृत्युवरण गर्नु परेका !

उनीहरूका सामु तपाईंहरूलाई केही हदसम्म असजिलोसमेत लाग्नुपर्ने हो। जनताको शक्ति 'अजेय' भएकै कारण जनताले 'सच्चिन'का लागि 'साइड' लगाइदिएको अनुभूत नगरी हारको दोष अरू कोही माथि लगाएर पन्छिने सुविधा तपाईंहरूलाई छैन। युवाको मनोविज्ञान बुझ्न नसक्दा आगामी दिन कोही कसैका निम्ति पनि सहज छैन।

समग्रमा कांग्रेसका लागि यतिबेला हारजितको समीक्षा सार्वजनिक सञ्चार माध्यममार्फत गरेर 'जग हँसाई' गरेर बस्ने बेला होइन। आफ्नै नेतृत्व त्यो पनि युवाको नेतृत्वमा सरकार गठनको पहलकदमी लिनुपर्छ।

जनताको भावना बुझ्न नसक्ने व्यक्ति वा पार्टीको हार त निश्चित रहन्छ। अब आफ्नै पार्टीका गगन थापालाई संसदीय दलको नेतामा भोट किन भन्ने 'भाष्य' निर्माणरूपी 'निकृष्ट' खेलमा रमाउँदै गर्दा दुई वटा विषयको हेक्का राख्नै पर्ने हुन्छ। पहिलो हो महामन्त्री गगन वा गगनको पुस्ता विश्वप्रकाश शर्मा, प्रदीप पौडेल आदिले पार्टी र सरकार हाक्ने प्रयत्न स्वरूप आजका मितिमा संसदीय दल र भोलि पार्टी सभापतिमा चुनाव लड्ने प्रयत्न नै नगर्ने हो भने नेपाली कांग्रेसले पनि 'प्रजा परषद्'को बाटो समाउने निश्चित प्राय: छ। दोस्रो कुरा 'गगन, विश्व, प्रदीप' आदिले नेपाली कांग्रेसलाई नसच्याउने हो भने आसन्न निर्वाचनमा जनताबीच एजेन्डाविहीन कांग्रेस

***बाँकी अन्तिम पृष्ठमा***

## आर्थिक..

लगायतका कारणले विश्व अर्थतन्त्रको चक्र नै खलबलिएको छ ।

आर्थिक वृद्धिदर हरेक वर्ष अवास्तविक स्तरको राखेर बजेट पढुन्जेल न्यानो महसुस गर्ने परिपाटीले गर्दा देशको अर्थतन्त्र तन्नम बन्न पुगेको छ । राजनीतिक उतारचढाव र तिकडमका अगाडि अर्थतन्त्रका हतियारहरू भुत्ते हुँदै गएका छन् । उद्योगधन्दा र व्यापारले इतिहासमै गाह्रो अवस्थाको सामना गरिरहेका छन् । सोही तथ्यलाई सरकारको कानसम्म पुऱ्याउन उद्योगी-व्यापारीहरू सडकमा उत्रन थालेका छन् । विश्वव्यापी रूपमै मुद्रास्फीति र ब्याजदर बढिरहेको परिप्रेक्ष्यमा बैंकहरूलाई निसानामा राखेर सडकमा उत्रनुको सट्टा समस्याहरूबारे गहन विश्लेषणमा सबै पक्षलाई सहभागी गराई निष्कर्षमा पुग्नुपर्छ ।

कोभिडको समयमा केन्द्रीयसहितका बैंकहरूले मन फुकाएर उद्यमी-व्यवसायी र व्यक्तिगत ऋणीहरूलाई हरसम्भव सहयोग गरे । त्यसबखतको उद्धार नीति सही थियो र भविष्यमा पनि आवश्यकता पर्दा यस्तो उदारता देखाउन केन्द्रीय बैंक र अन्य बैंक पछि हट्नु हुँदैन भनेर उद्यमी-व्यवसायीहरूले प्रमाणित गरिदिने समय हो यो, न कि सडक आन्दोलन गर्ने । हामी सन् २०२३ को संघारमा छौं, जुन मन्दीको वर्ष हुने घोषणा अर्थशास्त्रीहरूले गरिसकेका छन् । विश्व अर्थतन्त्र सन् २०२२ मा ३.२ र २०२३ मा २.७ प्रतिशतले मात्र वृद्धि हुने आकलन अन्तर्राष्ट्रिय मुद्रा कोषले गरेको छ । हाम्रो अर्थतन्त्रमा केही सुधार देखिए पनि त्यो क्षणिक मात्रै हुनेछ । किनकि कृषिजन्य वस्तुको उत्पादन र रेमिट्यान्सको आप्रवाहमा वृद्धि देखिनासाथ हाम्रो अर्थतन्त्रमा सुधार देखिन्छ । अर्को साल अतिवृष्टि वा अनावृष्टि भए र विदेशी मुलुकले नीति परिवर्तन गरिदिएमा हाम्रो अर्थतन्त्रमा फेरि सुकेनास लाग्नेछ । उद्योगधन्दाहरूको विकास र उत्पादन, पर्यटन क्षेत्रको विकास, आईटी क्षेत्रमा फड्को, जलविद्युत्को समुचित विकास, सदुपयोग र निर्यात, रोजगारी सृजना, कृषिमा आधुनिकीकरण, सिँचाइ, मल र बजारको उचित व्यवस्थापन नभई हाम्रो आर्थिक वृद्धिदरलाई विश्वासयोग्य मान्न सकिन्न ।

दशकौंदेखि सरकारहरूको नजरमा आर्थिक मुद्दाले स्थान बनाउन नसकेको परिप्रेक्ष्यमा नयाँ बन्ने सरकारबाट पनि खासै केही आशा गर्ने ठाउँ छैन । सुरुदेखि नै आर्थिक मुद्दालाई प्राथमिकतामा राख्न नसके देश र राजनीतिको भविष्यमा कालो बादल मडारिने सम्भावना छ । सर्वप्रथम सरकारप्रति निजी क्षेत्रको नैराश्य र अविश्वासलाई चिर्नुपर्छ । विदेशी लगानी आकर्षित गर्नका लागी सहज, दिगो र सहयोगी वातावरण बनाउनुपर्छ । स्रोतहरूको अधिकतम परिचालन गरी परिणाम मापन र सोही अनुरूप कर्मचारीहरूको वृत्तिविकासका लागि अवसरको सृजना गर्नुपर्छ । निर्वाहमुखी कृषिको व्यवसायीकरणका लागि ठूला व्यवसायीहरू र व्यापारिक प्रतिष्ठानहरूलाई उक्त क्षेत्रमा अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था ल्याउनुपर्छ । संचना प्रविधिक्षेत्रको महत्त्वलाई ध्यानमा राखी आवश्यक पूर्वाधार निर्माणमा लगानी गर्न हिचकिचाउनु हुँदैन । कोभिडका कारण थलिएको पर्यटन क्षेत्रले बिस्तारै गति लिन थालेको सन्दर्भमा यसको वृद्धि र स्थायित्वका लागि पनि सरकारले बहुवर्षीय योजनाहरूको सुरुआत गर्नुपर्छ ।

निष्कर्षत:, बैंकहरूको कर्जा लगानी क्षमता न्यूनतम विन्दुमा झरेको छ । अर्थतन्त्रलाई गतिमान बनाउन दत्तचित्त हुनुपर्ने बैंक तथा वित्तीय संस्थाहरू निक्षेपको जुगाडका लागि भिजेको मुसाझैं चाउरिएका छन् । तरलता अभावले बैंकहरूलाई पनि उद्यमी-व्यवसायीहरूलाई जस्तै संकटको डिलमा पुऱ्याइदिएको छ । अर्थात्, बैंक र व्यवसायी दुवै पक्ष आफ्नो अस्तित्व जोगाउन संघर्षरत छन् । यस संघर्षमा दुवै पक्षले जित्न अनिवार्य छ । कुनै एक पक्षको हारले मात्र पनि दुवैलाई अस्तित्वविहीन बनाइदिनेछ ।

शेरचन प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत हुन् ।साभार : कान्तिपुर

## निर्वाचन....

कार्यजिम्मेवारी अनुसारको वित्तीय स्रोतसाधन, कर्मचारी, संस्थागत संरचना आदि चाहिन्छन् । कामको भार तल सरेपछि सिंहदरबारमा धेरै मन्त्रालय/विभाग, कर्मचारीहरू आदि चाहिँदैनन् । थोरै भए पुग्छ । अनावश्यक बोझ राख्न हुदैन । खारेज गरिनुपर्छ ।

यस स्थितिमा केन्द्रमा १५ भन्दा बढी मन्त्रालय आवश्यक पर्दैन भन्नेजस्ता सुझाव प्रशासन सुधार लगायतका आयोग तथा निकायहरूले दिएका छन् । तर सिंहदरबारमा अहिले पनि करिब ५ दर्जन विभाग छन्, जसमध्ये आधाभन्दा बढी कामविहीन छन् । मन्त्रालयमा महाशाखा भएपछि त्यही प्रकृतिको काम गर्न विभागको जरुरी हुन्न । अब बन्ने सरकारको केन्द्रमा मन्त्रालय/विभाग चुस्त बनाउनपट्टि गम्भीरतापूर्वक ध्यान जान जरुरी छ ।

सरकारले गर्नैपर्ने अर्को महत्त्वपूर्ण सुधार हो– प्रदेशमा मन्त्री संख्याको कटौती । संविधानले प्रदेशमा मन्त्रीको संख्या प्रदेश सभाको २० प्रतिशत हुने उल्लेख गरेको छ । यस व्यवस्था अनुसार वाग्मती प्रदेशले २२, मधेश प्रदेशले २१, प्रदेश १ ले १९ जनासम्म मन्त्री बनाउन पाउँछन् ।

लुम्बिनी प्रदेशले १७ र ४० सदस्यीय प्रदेशसभा भएको कर्णाली प्रदेशले ८ जनासम्म मन्त्री बनाउन पाउँछन् । संविधानले प्रधानमन्त्रीसहित केन्द्रमा मन्त्रीको संख्या २५ जना हुने उल्लेख गरेको छ । कार्यजिम्मेवारी प्रदेश र स्थानीय तहमा झरेसँगै केन्द्रमा मन्त्रालय/मन्त्रीको संख्या बढी भयो भन्ने चौतर्फी आवाज उठेको छ ।

केन्द्रमा अहिले मन्त्रालको संख्या २२ छ । केन्द्रकै हाराहारी प्रदेशमा मन्त्रीको संख्या (वाग्मती प्रदेश) बनाउने जुन छुट संविधानले दिएको छ, त्यो गलत छ; संविधान लेखनमा ध्यान दिइएन भन्ने आमबुझाइ छ ।

संघीयता नेपालका लागि नयाँ प्रयोग हो । संघीयताप्रति मानिसहरू अझै पनि विश्वस्त हुन सकिरहेका छैनन् । बढी मन्त्रालय/मन्त्रीको प्रावधानका कारण जनताको त्याग र तपस्याबाट निर्मित संविधानमै प्रश्नचिह्न लाग्ने स्थिति पैदा भएकाले प्रदेशमा मन्त्रीको संख्या प्रदेशसभाको १० प्रतिशतमा सीमित गर्नुपर्छ भन्ने आवाज जनस्तरमा उठेको छ । राष्ट्रिय सभाको संसदीय विशेष समितिले पनि न्यूनतम ५ जनामा नघट्ने गरी मन्त्री संख्या १० प्रतिशतमा सीमित गर्न सिफारिस गरेको छ ।

केन्द्रमा पनि मन्त्रालयको संख्या १५ मात्रै हुनुपर्ने समितिको सिफारिस छ । तर यसलाई कार्यान्वयन तहमा लग्न संविधान संशोधन जरुरी छ । संविधान संशोधनका लागि राजनीतिक दलहरूबीच ऐक्यबद्धता आवश्यक छ । माओवादी केन्द्रले आफ्नो चुनावी घोषणापत्रमा प्रदेशमा मन्त्रीको संख्या प्रदेशसभाको १५ प्रतिशत बनाउने उल्लेख गरेको छ । अन्य राजनीतिक दलले स्पस्ट रूपमा नलेखे पनि प्रशासन संयन्त्र चुस्त बनाइनेछ भन्ने लगायतका विषयहरू समावेश गरेका छन् । यो हेर्दा राजनीतिक दलहरू प्रदेशमा मन्त्रीको संख्या चुस्त हुनुपर्नेमा सैद्धान्तिक रूपमा सहमत देखिन्छन् ।

भारतको संविधानको धारा २३९(एए-४) मा दिल्लीसहित केन्द्रशासित प्रदेशमा मन्त्रीको संख्या प्रदेश सभाको १० प्रतिशत हुने उल्लेख छ । जस्तो– दिल्लीको सांसदसंख्या ७० छ । ३ करोड २० लाख जनसंख्या भएको दिल्लीमा मुख्यमन्त्रीसहित मन्त्रीको संख्या ७ मात्रै छ । नेपालको जनसंख्या दिल्लीको भन्दा पनि कम छ । अब हामीले दायाँबायाँ नसोचीकन १० प्रतिशतको सीमा तोक्न पहल गर्नुपर्छ ।संघीय शासन व्यवस्थाको साँच्चिकै संस्थागत विकास र सुधार चाहने हो भने हामीले पनि प्रदेशमा हुने मन्त्रीको संख्यालाई पुनर्विचार गर्नैपर्छ । भारतकै कुरा गर्ने हो भने केन्द्रशासित बाहेकका प्रदेश ( राज्य) मा मन्त्रीको संख्या मुख्यमन्त्रीसहित प्रदेशसभाको १५ प्रतिशतभन्दा बढी हुन नहुने व्यवस्था भारतको संविधानको धारा १६४ मा छ । हामीकहाँ त प्रदेश भर्खर जन्मेका छन् । एकाधबाहेकका प्रदेशको आन्तरिक आयले प्रशासनिक खर्च पनि धान्न सक्ने अवस्था छैन । संविधानले अधिकतम २० प्रतिशत भनेको छ । तर दलीय भागबन्डा लगायतका कारण प्रदेशमा मन्त्रीको संख्या अधिकतम सीमामा पुऱ्याउने स्थिति छ । सांसदहरूको मन्त्री बन्ने लोभ-लालचका कारण पनि समस्या सृजना भएको छ ।यस्तै अवस्था फेरि पनि नदोहोरिएला भन्न सकिँदैन । त्यसैले सबभन्दा उत्तम उपाय भनेको संविधानमा नै सुधार हो । यसमा राजनीतिक दलहरूले गम्भीर भएर सोचन आवश्यक छ । स्विटजरल्यान्डको संविधानको धारा १७५ मा संघीय मन्त्रिपरिषद्को संख्या ७ भन्दा बढी हुन नहुने उल्लेख छ । स्विट्जरल्यान्डमा चान्सलर ( सरकारप्रमुख) सहित ७ जनाले सिंगो शासन व्यवस्था चलाउन सम्भव छ भने हामीकहाँ प्रदेशमा १० प्रतिशतको सीमा राख्न हिचकिचाउनु जरुरी छैन ।सभार इकान्तिपुर

## स्वर्गीय...

साथै पत्रकार महेश दासले पनि १० हजार रुपैया दिने घोषणा गरे ।श्रद्धान्जलीसभामै बोल्दै पत्रकार महासंघ पर्साका अध्यक्ष तिवारीले स्वर्गीय पत्रकार सर्राफको स्मृतिमा हरेक वर्ष महासंघको स्थापना दिवसको अवसरमा १० वर्ष सकृय पत्रकारीता गरेका र ४० वर्ष उमेर नकटेका एक जना पत्रकारलाई स्वर्गीय नरेश स्मृति पत्रकारीता पुरस्कार प्रदान गर्ने निर्णय भएको पनि जानकारी गराए ।महासंघले स्थापनाको गरेको अक्ष्य कोषबाट वार्षिक हुने आम्दानीको रकम मध्ये २० प्रतिशत रकम पुरस्कार वितरणमा र ८० प्रतिशत रकम स्वर्गी सर्राफको परिवारको भरणपोषणमा खर्च गरिने जानकारी पनि उनले गराए ।तिवारीको अध्यक्षतामा भएको श्रद्धान्जलीसभामा पत्रकार महासंघका केन्द्रिय सचिव दिपेन्द्र चौहान, मधेसप्रदेश महासचिव श्याम बन्जारा , केन्द्रिय सदस्य केसी लामिछाने , समाजवादी प्रेस संगठनका केन्द्रिय सदस्य राघव साह , प्रेस सेन्टरका केन्द्रिय सदस्य निरज पिठाकोटे मगर , बीरगन्ज उद्योग वाणिज्य संघका उपाध्यक्ष हरि गौतम लगायतले शोक मन्तव्य व्यक्त गरेका थिए ।पत्रकार महासंघ पर्सा शाखाका सदस्य समेत रहेका ३८ वर्षिय सर्राफको यहि मंसिर १५ गते हृदयतघातबाट निधन भएको थियो ।

# चीनले अरूणाचललाई किन भन्छ 'दक्षिण तिब्बत' ?

काठमाडौं – विश्व अर्थतन्त्रमा उदाउँदै दुई शक्तिराष्ट्र चीन र भारतबीच ३ हजार ५ सय किलोमिटर सीमा जोडिएको छ । सीमा विवादलाई लिएर दुई देशबीच पटक-पटक सैन्य स्तरमा झडपसमेत हुने गरेको छ । गत शुक्रबार मात्र भारतीय र चिनियाँ सैनिकबीच उत्तरपूर्वी राज्य अरुणाचलको तवाङ क्षेत्रमा झडप भयो ।

झडपका बारेमा दुवै देशका आ-आफ्ना दाबी छन् । भारतीय रक्षामन्त्री राजनाथ सिंहले मंगलबार लोकसभा बैठकमा घटनाबारे जानकारी दिँदै चिनियाँ घुसपैठलाई भारतीय सेनाले रोकेको र केही सैनिक घाइते भएको बताए । त्यस्तै झडपपछि प्रतिक्रिया दिँदै चीनले भने सीमा क्षेत्रमा 'स्थिर' अवस्था रहेको बताएको छ । चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता वाङ्ग वेनबिनले भारतसँग सैन्य र राजनीतिकस्तरमा कुराकानी भइरहेको उल्लेख गरेका छन् । चिनियाँ सेनाका वेस्टर्न थिएटर कमान्ड प्रवक्ताले भने अवैध रूपमा सीमा पार गरेका भारतीय सैनिक चिनियाँ सैनिकसामु आएपछि विवाद भएको दाबी गरेका छन् ।

### अरुणाचलमा चीनको दाबी

चीनले अरुणाचल प्रदेश आफ्नो भूभाग भएको दाबी गर्दै आएको छ । त्यति मात्र होइन चीनले भारतीय नेताहरूको भ्रमणमा पनि आपत्ति जनाउँदै आएको छ। सन् २०१९ मा प्रधानमन्त्री नरेन्द्र मोदी र रक्षामन्त्री राजनाथ सिंहको अरुणाचल भ्रमणको चीनले विरोध गरेको थियो । त्यस्तै सन् २०२० मा गृहमन्त्री अमित शाहको भ्रमणमा पनि चीनले आपत्ति जनाएको थियो । भारतले भने अरुणाचल आफ्नो देशको अभिन्न अंग भएको पटक-पटक दाबी गर्दै आएको छ । अरुणाचल प्रदेशमा भारतीय नेताको भ्रमणको विरोध गर्नुको कुनै तुक नभएको भारतको भनाइ छ । यसबारे चीनले पटक-पटक जनाएको आपत्तिबारे सामरिक मामिला विशेषज्ञ ब्रह्म चेलानीले भनेका थिए, 'चीनका राष्ट्रपति सी चिनफिङ तिब्बत गए, भारतले केही भनेन । यहाँसम्म कि भारतीय सीमाबाट करिब १५ किलोमिटरको दूरीमा रहेको पिपुल्स लिबरेसन आर्मीको बेसमा सी एकरात बसेका पनि थिए । यसलाई चीनको युद्धका तयारीका रूपमा पनि हेरिएको थियो ।'

अर्का इतिहासकार माइकल सुम्यानले पनि चीनले भारतसँग सही तरिकाले सम्बन्ध अगाडि नबढाएको बताएका थिए । उनले भनेका थिए, 'चीनले भारतसँगको सम्बन्ध निकै खराब तरिकाले अगाडि बढाएको छ । यो चिनियाँ विदेश नीतिको ठूलो असफलता पनि हो ।'

### अरुणाचल सीमामा भारतीय र चिनियाँ सैनिकबीच झडप

चीनले अरुणाचललाई 'दक्षिण तिब्बत' भन्ने गरेको छ । त्यस्तै चीनले केही वर्षअघि अरुणाचल प्रदेशमा पर्ने विभिन्न ६ स्थानको नामकरणसमेत गरेको थियो । चीनले नामकरण गरेका ती स्थान थिए, 'वोगेन्लिङ', 'मिला री', 'चोइदेंगार्पो री', 'मेचुका', 'पुमा ला' र 'नाम्कापुब री' । त्यसपछि सन् २०२१ मा चीनले थप १५ स्थानको चिनियाँ नामकरण गरेको थियो ।

सन् २०१७ चिनियाँ पत्रिका ग्लोबल टाइम्ससँगको कुराकानीमा बेइजिङस्थित मिन्जु विश्वविद्यालयका प्राध्यापक चिओङ कुन्चिनले भनेका थिए, 'स्थानको नामकरण दक्षिण तिब्बतमा चीनको क्षेत्रीय सम्प्रभुतालाई पुष्टि गर्ने एउटा कदम हो ।' उनले कानुनको शासनअन्तर्गत नै नामकरण गरिएको दाबी गरेका थिए ।

त्यस्तै चाइना वेस्ट नर्मल युनिभर्सिटीको सेन्टर फर इन्डियन स्टडिजका निर्देशक लोङ चिङचुनले हिन्दुस्तान टाइम्ससँग यही प्रकरणबारे भनेका थिए, 'यो चीनका तर्फबाट आएको कडा संकेत हो । यो दलाई लामाको अरुणाचल प्रदेशको भ्रमणको प्रतिक्रियास्वरूप आएको देखिन्छ । चीनले यसका लागि तयारी गरिरहेको र उचित समयको पर्खाइ गरेको देखिन्छ । भारतले लामाको भ्रमणको परिणामलाई गलत आकलन गरेको देखिन्छ ।'

भारत र चीनबीचको सीमारेखा ३ हजार ४ सय ८८ किलोमिटर छ। जसमध्ये अरुणाचलमा मात्रै १ हजार १ सय २६ किलोमिटर सीमा जोडिएको छ । भारत र चीनबीच सबैभन्दा बढी सीमा जोडिएको राज्य भने जम्मू-कश्मीर हो । जसको १ हजार ५ सय ९७ किलोमिटर सीमा चीनसँग जोडिएको छ । त्यस्तै उत्तराखण्डमा ३४५, सिक्किममा २२० र हिमाचलमा २०० किलोमिटर सीमा चीनसँग जोडिएको छ ।

शुक्रबार झडप भएको क्षेत्र 'तवाङ' सन् १९१४ को सिमला सम्झौतापछि भारतमा आएको हो । सन् १९१२ सम्म भारत र तिब्बतका बीच कुनै पनि स्पष्ट सीमा रेखा थिएन । सिमलामा तिब्बत, चीन र तत्कालीन ब्रिटिस भारतका प्रतिनिधिबीच भएको बैठकमा सीमा रेखा निर्धारण भएको हो । चीनले तिब्बतलाई कहिल्यै पनि स्वतन्त्र देश मानेको थिएन । सिमला सम्झौतामा पनि चीनले तिब्बतलाई स्वतन्त्र देश मानेको थिएन । सन् १९५० मा चीनले तिब्बतलाई पूर्ण रूपमा आफ्नो कब्जामा लिएको हो । बौद्ध धर्मावलम्बीका लागि निकै महत्त्वको क्षेत्र भएकाले पनि तवाङमा चीनले दाबी गर्दै आएको देखिन्छ ।

### गलवानमा भारतसँग भएको झडपको भिडियो चीनद्वारा सार्वजनिक

सन् १९४९ मा माओ त्से तुङले जनगणतन्त्र चीन स्थापना गरे । त्यसपछि सन् १९५० अप्रिल १ मा भारतले मान्यता दिँदै कूटनीतिक मान्यता दिएको हो । जनगणतन्त्र चीनलाई मान्यता दिने भारत पहिलो गैरकम्युनिस्ट देश पनि हो । सन् १९५४ मा तिब्बतमा चिनियाँ सम्प्रभुतालाई पनि भारतले स्वीकार गरेको हो । जसको अर्थ भारतले तिब्बतलाई चीनको आर्थिक हिस्सा मान्नु हो । त्यसपछि 'हिन्दी-चीनी, भाइ-भाइ' नारासमेत लाग्न थालेको हो । सन् १९१४ मा सिमला सम्झौतामा म्याकमोहन लाइन अन्तर्राष्ट्रिय सीमारेखा मानिएको हो । तर चीनले सन् १९५०मा तिब्बतमाथि आक्रमण गरेपछि भने यस क्षेत्रको भूराजनीतिक अवस्था बदलिएको हो ।चीनले सन् १९५० को दशकमा सीमा क्षेत्रमा १७९ किलोमिटर लामो सडक बनाएपछि भने दुई देशबीच सम्बन्ध चिसिन थालेको हो । पहिलो पटक सन् १९५९ अगस्ट २५ मा दुई देशका सैनिकबीच लोंगजुमा झडप भएको थियो । त्यस्तै त्यसै वर्ष अक्टोबर २१ मा लद्दाखको कोंगकामा पनि झडप भएको थियो । उक्त झडपमा १७ जना भारतीय सैनिकको मृत्यु भएको थियो । चीनले भने यसलाई आत्मरक्षाका लागि चालिएको कदमको संज्ञा दिएको थियो ।

### लद्दाखमा भारत-चीन झडप : २० भारतीय सैनिकको मृत्यु

त्यसपछि सन् १९६४ मा भारत र चीनबीच अरुणाचल प्रदेशमै सीमा युद्ध भएको थियो । उक्त युद्धमा भारततर्फ ठूलो क्षति भएको थियो । युद्धमा १ हजार ३ सय ८३ भारतीय र ७२२ चिनियाँ सैनिकको मृत्यु भएको थियो । उक्त युद्धमा करिब १ हजार ७ सय भारतीय हराएको पनि दाबी गरिएको छ । त्यस्तै ४ सय जनाभन्दा बढीलाई चीनले युद्धबन्दी बनाएको थियो । त्यसपछि चीनले पूर्वोत्तर भारतको करिब ९० हजार वर्गकिलोमिटर भूभागमा दाबी गर्दै आएको छ । सन् २००३ मा दुई देशबीच रहेको सीमा विवाद सल्टाउनका लागि विशेष प्रतिनिधि नियुक्त गरिएको थियो । २००५ मा सीमा विवाद समाधानका लागि एक विशेष सम्झौतामा हस्ताक्षर पनि भएको थियो । तर त्यसयता पनि सीमामा दुई देशबीच तनाव देखिने गरेको छ ।

### चीनको राजनीतिक नक्सा ।

अरुणाचल प्रदेश सन् १९८७, फेब्रुअरी २० मा भारतको पूर्ण राज्य बनेको हो । त्यसअघि यो 'नर्थ इस्ट फ्रन्टियर एजेन्सी' का रूपमा चिनिन्थ्यो । चीनले भने अरुणाचललाई कहिल्यै पनि वैधानिकता नदिएको दाबी गर्दै आएको छ । सन् २०२० मा ५ जना भारतीय युवालाई चिनियाँ पक्षले अपहरण गरेको समाचार भारतीय सञ्चारमाध्यमले प्रकाशित गरेका थिए ।

## भोज खाएका....

बिहे भोज खाएका दुई सयभन्दा बढी बिरामी परेपछि भरतपुर महानगर र जिल्ला प्रशासन कार्यालयले होटलको अनुगमन गरेको थियो । घटना पश्चात भरतपुर महानगरपालिकाकी मेयर रेनु दाहाल, उपमेयर चित्रसेन अधिकारी लगायतको टोलीले होटलमा पुगेर अनुगमन गरेको हो । मेयर दाहालले सबै निकायबाट प्रतिवेदन तयार भइरहेको भन्दै दोषी ठहर भए कारबाही गर्ने बताइन् ।

होटलका प्रबन्ध निर्देशक रिजालले बिरामीहरुलाई एउटा अस्पतालमा उपचारको लागि व्यवस्थापन गरिएको भन्दै अन्य पक्षबारे सोधखोज भइरहेको बताए ।

## शूल्क.....

मेयर राजेशमान सिंहले ठूलो उपलब्धी मानेका छन् । महानगरभित्रका संस्थागत विद्यालयको स्तरीकरण र शूल्क निर्धारणले शिक्षामा आमुल परिवर्तन ल्याउनेमा पनि मेयर सिंह विश्वस्त छन् ।

प्याब्सन पर्सा जिल्ला समिति र महानगर समितिको साधारण सभालाई सम्बोधन गर्दै मेयर सिंहले महानगरले शिक्षालाई विशेष प्राथमिकता दिएको बताए । निजी विद्यालयको वर्गीकरण र शूल्क निर्धारणले शिक्षामा रुपान्तरण हुने बताउँदै उनले केही कमी कमजोरी र असन्तुष्टी भएमा विस्तारै सच्याउँदै जान सकिने बताए ।

प्याब्सन पर्साका अध्यक्ष पुरण प्रधान र महानगर समितिका अध्यक्ष आलोक चौरसियाको सयुँक्त सभापतित्वमा सम्पन्न साधारण सभाका क्रममा मेयर सिंहले भने, निजी विद्यालयको वर्गीकरण गर्नु एउटा ठूलो उपलब्धी हो ।

यसमा केही त्रुटी पनि होलान्, उचित असन्तुष्टीलाई समाधान गर्दै र त्रुटीहरुलई सच्याउँदै एकअर्कासँग हातेमालो गरेर अघि बढ्न सकियो भने वीरगञ्जको शैक्षिक क्षेत्रले ठूलो फड्को मार्नेमा म ढुक्क छु ।

शिक्षालाई राजनीतिकरण गर्ने दुष्प्रयास भइरहेकोमा आक्रोश पोख्दै मेयर सिंहले राजनीतिक दलमा आएर खुला रुपमा राजनीति गर्न पनि आग्रह गरेका छन् । शिक्षालाई राजनीतिबाट टाढा राखेर सुधार गर्न चाहेको हुँदा त्यसमा साथ दिन उनको अनुरोध छ ।

विद्यालयमा शूल्क बढाउने प्रतिस्पर्धा नगरी शैक्षिक गुणस्तर वृद्धि गर्ने प्रतिस्पर्धा गर्न सुझाव दिँदै उनले महानगरका शैक्षिक योजनाहरुमा प्याब्सनले पनि साथ, सहयोग र सुझाव दिनुपर्ने बताए ।

# पालिकामा प्रमुख-उपप्रमुखबीच विवाद

रौतहट – रौतहटका पालिका प्रमुख र उपप्रमुखबीच विवादको 'पुरानो रोग' फेरि बल्भिएको छ । अघिल्ला जनप्रतिनिधिको कार्यकालमा जस्तै जिल्लाका केही पालिकामा प्रमुख र उपप्रमुखबीच विवाद सुरु भएको हो । निर्वाचित भएको सात महिनामै जनप्रतिनिधिबीच बजेट बाँडफाँटमा मतभिन्नता देखिएको छ ।

विवाद देखिएको पालिका हो, वृन्दावन । नगरप्रमुख विनोदप्रसाद कुर्मी र उपप्रमुख संगीतादेवी रामबीच बजेट बाँडफाँटमा कुरा नमिल्दा आरोपप्रत्यारोप सुरु भएको छ । केही दिनअघि नगर प्रमुख कुर्मीले पत्रकार सम्मेलन गरेर उपप्रमुख राम पालिकाको बैठक र अन्य कार्यमा नियमित सहभागी नहुँदा विकास निर्माणलगायत प्रभावित भएको आरोप लगाए । चालु आर्थिक वर्षका लागि छुट्याएको २९ करोडमध्ये ३ करोड रुपैयाँ उपप्रमुखले मागेको उनको आरोप छ । 'न्यायिक समिति सञ्चालन गर्नका लागि रकम, कर्मचारी, भवनको व्यवस्था गरेको छु । उपप्रमुख आफैं कार्यालय आउनुहुन्न,' उनले भने, 'पालिकाको विषयगत समितिको जिम्मेवारी पाएका उपप्रमुख अहिलेसम्म कुनै बैठकमा उपस्थित भएका छैनन् ।

जसका कारण बजेट सञ्चालनमा समस्या आएको छ ।'

पालिकाको सवारीसाधन मर्मतका लागी उपप्रमुखले ११ लाख रुपैयाँ माग गरेको पनि प्रमुख कुर्मीको आरोप छ । उपप्रमुख रामले भने आफूमाथि कुर्मीले लगाएको आरोपमा सत्यता नभएको बताइन् । 'मैले ३ करोड मागेको भन्ने लगाइएको आरोप सरासर झूटो हो । मलाई पनि जनताले चुनेको हो । न्यायिक समिति सुरु हुन सकेको छैन भनेर जानकारी गराउँदा बेवास्ता गरियो,' उनले भनिन्, 'मैले नगरप्रमुखसित कुनै किसिमको लोभलालच गरेको छैन । त्यतिकै झूटो आरोप लगाउन पाइँदैन ।'

नगरप्रमुख र उपप्रमुखबीचको विवादले यस पालिकामा न्यायिक समितिको काम नै ठप्प छ । कार्यालयका कर्मचारीसमेत अन्योलमा छन् । न्यायको आशमा जाने सेवाग्राही मारमा परेका छन् । खेतको विवाद सुल्झाउन निवेदनसहित पुगेका विश्रामपुरका रामसेवक साहलाई पालिकाका कर्मचारीले प्रहरीकोमा पठाइदिए । 'मत दिएको जनप्रतिनिधिहरू झगडा गर्न थाले,' उनले भने, 'अव हामी प्रहरीमा धाउनुपर्ने भयो । जनप्रतिनिधिको काम के ?'

यता कटहरिया नगरपालिकाका प्रमुख अजय प्रकाश र उपप्रमुख रितादेवीबीच पनि मनमुटाव छ । पालिकाको बैठकमा उपप्रमुखका श्रीमान् जवाहर यादव बस्न खोजेपछि सुरु भएको विवाद अहिले उत्कर्षमा पुगेको हो ।

यही कारण गत साउनमा सम्पन्न नगरसभाको बन्दसत्रमा उपप्रमुख रिताले हस्ताक्षर नै नगरी बाहिरिन् । 'सबै कुरा मेरै लागू हुनुपर्छ । मैले भनेको सबै मान्नैपर्छ भन्ने उपप्रमुखको मान्यता छ,' नगर प्रमुख अजयले भने, 'कानुनले प्रमुख र उपप्रमुखको कार्यक्षेत्र र अधिकार छुट्याएको छ, त्यहीअनुसार कामकाज गर्नुस् भनेको छु । यसरी पालिका चलाउन सकिँदैन ।' उपप्रमुख रिताले नगरसभामा आफूले २ करोड बजेट माग्दा प्रमुखले ४० लाख रुपैयाँ मात्र दिन खोजेपछि असहमति जनाएको बताइन् । 'मैले पनि विकास गर्छु भनेर जनतासामु वाचा गरेको छु । ४० लाख रकमले के हुन्छ,' उनले भनिन्, 'अहिले नगरप्रमुख आफैंले कार्यालय सञ्चालन गरेर बसेका छन् । अव भनेको जति बजेट पाइन भने केही न केही गरौंला ।'

दुवैको झगडाले यस नगरपालिकामा पनि न्यायिक समितिको काम सुरु हुन सकेको छैन । दुवैबीचको विवादले आफूलाई काम गर्न असहज भएको प्रमुख प्रशासकीय अधिकृत किरणनिधि तिवारीले बताए । 'दुवै मिलेर काम गर्न सके हामी कर्मचारी र सेवाग्राहीलाई सहज हुन्थ्यो,' उनले भने, 'प्रमुख र उपप्रमुख मिलेर गए उत्तम हुन्छ । हामीलाई अरु केही भन्नु छैन ।' प्रमुख र उपप्रमुख दुवै कांग्रेसबाट जितेका हुन् । अघिल्लो ५ वर्षे कार्यकालमा जिल्लाका १८ पालिकामध्ये अधिकाशका प्रमुख र उपप्रमुखबीच झगडा भएको थियो । गरुडा, राजदेवी, यमुनामाई, ईशनाथ, कटकरिया, फतुवाबिजयपुर, देबाही गोनाही, गुजरालगायतका नगरपालिकामा प्रमुख र उपप्रमुखको कार्याकाल विवादमै बितेको थियो ।

# हुलाकी सडक निर्माण सुस्त



सडक कालोपत्रको माग गर्दै सर्लाहीको ब्रह्मपुरीमा सडक अवरुद्ध गरिँदै। तस्बिर : ओमप्रकाश/कान्तिपुर

सर्लाही – अलपत्र हुलाकी सडक कालोपत्रको माग गर्दै सर्लाहीमा आन्दोलन चर्किएको छ । कौडेना र मुसैलीमा आन्दोलन मत्थर भए पनि ब्रह्मपुरी र मलंगवामा आउजाउ ठप्प छ । हुलाकी सडक निर्माणको माग गर्दै एक महिनायता यस्ता आन्दोलन चौथो ठाउँमा भइसकेको छ ।

यसअघि कौडेना र मुसैलीमा सवारी आवागमन अवरुद्ध पारिएको थियो । आन्दोलनलगतै त्यहाँ कालोपत्र हुन थालेपछि ब्रह्मपुरी र मलंगवावासीले पनि सडक अवरुद्ध गरेका हुन् ।

सडक अवरोधका कारण सवारीसाधन ठप्प हुँदा काम विशेषले सदरमुकाम धाउनेले सास्ती खेप्नुपरेको छ । तर, हिउँदमा धुलाम्मे र वर्षामा हिलाम्मे हुने समस्या भोगिरहेकाले यात्रुले पनि साथ दिएका छन् । आइतबार मालपोतमा काम गराउन आएका नोकैल्वाका दिनेश रायले सडक अवरुद्धले यात्रा गर्न नसके पनि वर्षौंको पीडा सम्बोधनका लागि ऐक्यबद्धता रहेको जनाए । 'मलंगवा मालपोतमा काम गराउन जान थालेको, तर बाटो बन्द छ, जान सकिएन,' उनले भने, 'यो काम त पछि पनि गराउन सक्छु, सडक बन्नु नै हाम्रा लागि ठूलो हो ।'

ब्रह्मपुरीका स्थानीय जितेन्द्र साहले सडक कालोपत्रका लागि आन्दोलन गर्नुपरेको बताए । 'कौडेना र मुसैलीका स्थानीयले आन्दोलन गरेपछि कालोपत्र भइरहेको छ, त्यसैले हामी पनि आन्दोलन गर्न बाध्य भयौं,' उनले भने । आन्दोलन भएका स्थानमा काम थालिएको छ । बाँकी सडक अलपत्र छ । ठेकेदारले ठेक्का पाएको अवधिमा कामै नगरेको स्थानीयको गुनासो छ । सर्लाहीमा मात्र हुलाकी सडकले सदरमुकाम मलंगवासहित भारतीय सीमा नजिकका ५० ग्रामीण बस्तीलाई छुन्छ । जिल्लाको पूर्वमा संग्रामपुरदेखि पश्चिम बलरासम्मको सडकको अधिकांश भाग कालोपत्र हुन बाँकी छ । महोत्तरी र रौतहटस्थित हुलाकी सडक कालोपत्र भइसक्दा सर्लाहीमा पर्ने झण्डै ४२ किलोमिटर खण्डको अवस्था दयनीय छ ।

सर्लाहीको हुलाकी सडक समयमा बन्न नसक्नुको कारण राज्यपक्ष पनि रहेको कर्मचारी तथा नागरिक अगुवाले बताएका छन् । यहाँको हुलाकी सडक डिभिजन सडकमा गाभिदिँदा काम अलपत्र परेको हो । प्रदेश सरकारको डिभिजन सडकले ठेक्का लगाए पनि बजेट नपठाउँदा लामो समयसम्म काम रोकिएको थियो । पछि, हुलाकी सडक आयोजना जनकपुरकै जिम्मा लगाइएको थियो । सडकको डिजाइन पनि महोत्तरी र रौतहटको तुलनामा फरक रहेको आयोजनाले जनाएको छ । डिभिजन सडकले गरेकोडिजाइनअनुसार ठेक्का लागेकोलेअन्य जिल्लासँग तुलना गर्न नमिल्ने कार्यालयले जनाएको छ ।

जनप्रतिनिधि पनि हुलाकी सडक नबन्नुमा राज्यलाई दोष दिन्छन् । हुलाकी सडकका पूर्वडीईसमेत रहेका हरिपूर्वा नगरपालिकाका निवर्तमान प्रमुख सियाराम रायले राज्यको उदासीनताका कारण नै काम हुन नसकेको आरोप लगाए । सरकारको प्राथमिकतामा नपर्दा कहिले बजेट अभाव त कहिले ठेकेदारको बदमासीले काम सुस्त भएको उनको भनाइ छ । 'म हुलाकी सडकको प्रमुख हुँदा जहिल्यै पनि बजेट अभाव भनेर देखाइयो, सरकारका कर्मचारी भएको नाताले प्रतिवाद गर्ने स्थान थिएन,' उनले भने, 'विगतमा हुलाकीको बजेट मन्त्रीले अन्य सडकमा खन्याइदिएर बन्न सकेन ।'

२०७३ सालमा पाँच वर्षभित्र हुलाकी सडक कालोपत्र गर्न भनेर तीन प्याकेजमा ठेक्का लागेको थियो । जसअनुसार हिम्दुङ एन्ड ठोकर हीरा एन्ड नमिता जेभीले १५ किलोमिटर, हिम्दुङ एन्ड ठोकर साह निर्माण सेवाले पनि १५ किलोमिटर र दिवा निर्माण सेवाले १२ किलोमिटर कालोपत्रको ठेक्का पाएको हो । तीनवटै प्याकेजको ५५ करोडमा ठेक्का पाएको ठेकेदारको समयसीमा समाप्त भइसक्दा पनि सडकको अधिकांश भाग अहिले पनि जीर्ण नै छ । ०७८ मंसिरमा म्याद समाप्त भएको यो ठेक्काको दुई पटक छ-छ महिनाको म्याद थप गराउँदै ठेकेदारले कछुवागतिमा काम अघि बढाइरहेका छन् ।

हुलाकी सडक आयोजना जनकपुरका प्रमुख कृष्णकुमार महतोले वित्तीय प्रगति ६० प्रतिशत रहे पनि त्योअनुसारको काम हुन नसकेको बताए । महतोले ६० प्रतिशत काम सकिए पनि त्यसअनुसार कालोपत्र हुन नसकेको जानकारी दिए । कतै सडकमा माटो नै हाल्न बाँकी रहेको उनको भनाइ छ । महतोका अनुसार डिभिजन सडकमार्फत काम गर्नुपरेकाले पनि ढिलाइ भएको हो । सडक फराकिलो बनाउने भनिए पनि छेउमा घर भएकाले अदालतको 'स्टेअर्डर' ल्याउँदा काम अघि बढ्न नसकिरहेको उनले बताए । 'ठेक्काको म्याद समाप्त भए पनि म्याद थप गराएर काम गराइरहेका छौं, आउँदो चैतसम्ममा सर्लाहीभरि कालोपत्र हुनेछ,' उनले भने ।साभार इकान्तिपुर

# नागढुंगा-मुग्लिङ सडकको तीन खण्डमै ठेक्का लाग्यो




काठमाडौं – नागढुंगा-मुग्लिङ सडकलाई तीन खण्डमा विभाजन गरेर ठेक्का सम्झौता गरिएको छ । मुलुककै 'लाइफलाइन' सडकका रूपमा रहेको यो खण्डमा पर्ने बजार क्षेत्रमा चार र अन्य खण्डमा दुई लेन सडक बनाइने छ । विभागका प्रवक्ता एवम् उपमहानिर्देशक भिमार्जुन अधिकारीका अनुसार ठेक्का सम्झौता गरेर दुई खण्डको काम भइरहेको छ ।

एउटा खण्ड मलेखु-मुग्लिङको भने साताअघि मात्रै ठेक्का सम्झौता भएकाले काम सुरु हुन केही दिन लाग्ने छ । विश्व बैंकको ऋण सहयोगमा सडक स्तरोन्नति थालिएको सडक विभागले जनाएको छ ।

पहिलो प्याकेजका रुपमा नागढुंगा-नौबिसे खण्ड रहेको छ । जसको दूरी १२.२६ किलोमिटर छ । यो खण्डको ठेक्का रकम १ अर्ब ३० करोड ८४ लाख रुपैयाँ हो ।

यसको ठेक्का सम्झौता २०७८ चैत २९ भएपनि काम २०७९ जेठ २६ गतेबाट सुरु भएको हो । निर्माणको काम २०८१ जेठ २७ भित्र सकिसक्नु पर्ने छ । ठेक्का जाङ्सू-सगुन जेभीले लिएका हुन् ।

जाङ्सू चिनियाँ कम्पनी हो । 'सवारी आवागमन प्रभावित नहुनेगरी काम थालिएको छ,' प्रवक्ता अधिकारीले भने, 'अहिले पर्खाल लगाउने काम भइरहेको छ ।'

दोस्रो प्याकेज नौबिसे-मलेखु खण्ड हो । जसको दूरी ४८.५ किलोमिटर छ । यो खण्डमा सर्भेको काम सकेर निर्माणको काम सुरु गर्न लागिएको छ । जुन खण्डको ठेक्का रकम ५ अर्ब ३३ करोड १९ लाख रुपैयाँ छ । ठेक्का जेटआईसीजी-शर्मा-लामा जेभीले लिएका हुन् ।

जेटआईसीजी चिनियाँ कम्पनी हो । ठेक्का सम्झौता २०७९ वैशाख १४ मा भएको र कार्यादेश जेठ २६ गते दिइएको विभागले जनाएको छ । काम २०८२ जेठ २७ भित्र सकिसक्नु पर्ने छ ।

तेस्रो प्याकेज हो, मलेखुदेखि मुग्लिङसम्म । जुन खण्डको ठेक्का शर्मा-जेटआईसीजीले लिएको हो । यो खण्डमा भने काम सुरु भएको छैन । यसको ठेक्का रकम ४ अर्ब ८० करोड ५९ लाख रुपैयाँ हो । जसको दुरी ३४.१४ किलोमिटर छ । निर्माण अवधि तीन वर्षको रहेको छ ।

विभागका अनुसार दुई लेनको सडक ४८ किलोमिटर, क्लाइम्बिङ लेन ३७.५ किलोमिटर र चार लेन सडक ९.४ किलोमिटर सहित मुग्लिनसम्म ९४.९ किलोमिटर सडक स्तरोन्नति हुने छ ।

यो खण्डमा २१ वटा नयाँ पुल निर्माण गरिने छ । अहिले चालु रहेका पुराना पुल दुई लेनका छन् । तिनै पुलका छेउमा थप दुई लेनकै नयाँ पुल निर्माण गरिने प्रवक्ता अधिकारीले बताए ।

यो सडकको ठेक्का गर्न दुई वर्ष अघिबाट तयारी थालिएको थियो । 'सुरुमा सडक बन्द गरेर काम गर्ने र सवारी साधनका लागि वैकल्पिक मार्ग बनाई त्यतै डाइभर्ट गर्ने योजना थियो,' उनले भने, 'तर यो सम्भव भएन, नारायणगढ-मुग्लिन सडक बन्द गरेर काम गर्दा यात्रुले खेप्नु परेको सास्ती थाहा पाएरै अहिलेसम्म यो सडक बन्द गरेर काम गर्ने भन्ने सोचमा छैनौं ।' उनका अनुसार सबै सडक एकैपटक भत्काइने छैन । तीन खण्डमा सवारी साधन अबरुद्ध नहुनेगरी काम गरिने छ ।

मुग्लिनबाट काठमाडौंतर्फ आउने मालबाहक सवारीका लागि छुट्टै क्लाइम्बिङ लेन बनाइने छ । विभागका महानिर्देशक अर्जुनजंग थापा ३० वर्षपछि यो सडकको स्तरोन्नति गर्न लागिएको बताउँछन् ।

'सन् १९७४ मा चीनले नागढुंगादेखि पोखरासम्म १८५ किलोमिटर सडक बनायो, त्यही अन्तर्गत यो सडक पनि पऱ्यो, पछि १९९३ मा सडक सुधारको काम भयो,' महानिर्देशक थापाले भने, 'त्यसपछि अहिले आएर स्तरोन्नतिको काम सुरु गरिएको हो ।' सडक स्तरोन्नतिको काम सकिएपछि ५ वर्षसम्म जसले ठेक्का लिएको हो, उसैले मर्मत सम्भार गर्नुपर्ने छ । पहिरो जाने खतरा भएको ठाउँमा सडक चौडा गरिने छैन । यो सडक भएर दैनिक १० हजार बढी ठूला साना सवारी ओहोरदोहोर गर्छन् ।साभार इकान्तिपुर

# मतदाताको......

जनताबाटै बढारिने झनै निश्चित छ। तसर्थ पनि 'भूमिगत अड्डा' बनाएर बैंक ब्यालेन्स थप्नुलाई मात्र राजनीति नभनिने भएकाले 'गगन पुस्ता'ले काठमाडौं ४ लाई 'इपीसेन्टर' बनाए। पराकम्प भने कांग्रेसको केन्द्रीय नेतृत्वसम्म पनि जारी छ। यसमा आश्चर्य मान्नुपर्ने विषय नै छैन। १५ दिनअघि रात्रिबस चढेर गएको एउटा 'नवजवान'ले प्राप्त १३ हजार मतले नै 'नो नट अगेन'वाला पुस्ताको भावी दिन निर्दिष्ट गरिसकेको छ।

कांग्रेसभित्र रहेर आर्थिक उपार्जनको शृंखला थप्दै जाने एउटा समूह छ। जो पार्टी सभापतिविरुद्ध संसदीय दलमा दोस्रो कोही लड्नै नहुने 'भाष्य' स्वयम् सभापतिकै रायमा निर्माण गर्दैछ। उसो भए हिजो स्वयम् देउवा गिरिजाप्रसाद कोइरालाको विरुद्ध पार्टी सभापति तथा संसदीय दलमा चुनाव किन लडेको ?

अझ सत्ता र शक्तिका निम्ति पार्टी नै फुटाएको दृष्टान्तबाट भाग्न मिल्ला ? लोकतन्त्र प्राप्तिको आन्दोलनमा लामो समय देश बसेको पुस्ताको रूपमा 'नो नट अगेन'वालालाई लिने गरिन्छ। यहीनेर प्रश्न गर्नुपर्ने हुन्छ- तपाईंहरू विरुद्ध कुनै मोर्चामा पनि उम्मेदवारी दिनै नहुने कस्तो हो, तपाईंहरूले लडेर ल्याएको लोकतन्त्र ? तपाईंहरूले आजका मितिमा देखाउनु भएको 'संस्कार'ले मुलुक कहाँ पुग्ला ? आजको 'यक्ष' प्रश्न पनि यही हो।

आर्थिक प्रभावकै भरमा परम्परागत दलका परम्परागत नेता जनताबीच जाने, विचारको राजनीतिभन्दा 'तेरो-मेरो' हेर्ने प्रवृत्ति नेपालमा हाबी बन्न पुग्यो। यो प्रकारको राजनीतिले आगामी दिनमा राजनीतिमा शुद्धता सम्भव छैन। दलहरूले सच्चिएको सन्देश दिन सक्दा मात्र जनमत स्थिर रहने हो। राष्ट्रिय स्वतन्त्र पार्टीको 'घण्टी'ले प्राप्त गरेको मतलाई हेरेर निकालिने निष्कर्षभन्दा पनि आफूले गर्दै आएको वाचा र कार्यबीच कति मेल खायो भनेर खोजी गर्दा मात्र 'हार-जित'को कारणको निष्कर्षमा पुग्न सकिन्छ।अन्यथा आर्थिक लेनदेन तथा टिकट वितरणमा गरिएको मनोमानी, समानुपातिक सूचीमा राखिएकाहरूको अनुहार, समयको बेग बुझ्न नसक्नु जस्ता कारण झगडा पर्ने, त्यही झगडाको परिणामस्वरूप हार हुने र दोष जति संसदीय दलको नेता रोक्नका निम्ति 'गगन'माथि थोपरिने प्रवृत्ति हाबी हुन्छ। यसले न कांग्रेसको भविष्य उज्ज्वल हुन्छ, न त नेपालको राजनीतिमा नै सुधार आउँछ !

समस्याको पहिचानमा पुग्नै नचाहने, तर हारको दोषको 'भाष्य' चाहिँ अर्कैको भागमा पुऱ्याइदिने प्रवृत्ति नै नेपालको राजनीतिमा देखिएको अपरिपक्वता हो। यहीनिर भन्नै पर्ने हुन्छ- अब प्रधानमन्त्रीरूपी सत्ता र शक्तिका लागि राष्ट्रपति र सभामुखजस्ता 'पोजिसन' कांग्रेस बाहेकलाई सुम्पिएर खोजिने निकासले नेपाली कांग्रेसलाई त समाप्तिको बाटोमा लैजान्छ नै, त्यतिबेला लोकतन्त्रको समेत भविष्य संशयमा पर्ने दिन टाढा नरहन सक्छ। यसको हेक्का कांग्रेसजन त्यो माथि पनि युवा नेतामा हुन जरुरी छ। पराजित कांग्रेस नेताले आफ्नै कारणले पराजय भोगेका हुन्। त्यसको दोष अरूमाथि सुम्पिएर संसदीय दलभित्र उतारचढाव हुने गरी दोषारोपण गरेर बस्ने बेला होइन।

समग्रमा कांग्रेसका लागि यतिबेला हारजितको समीक्षा सार्वजनिक सञ्चार माध्यममार्फत गरेर 'जग हँसाई' गरेर बस्ने बेला होइन। आफ्नै नेतृत्व त्यो पनि युवाको नेतृत्वमा सरकार गठनको पहलकदमी लिनुपर्छ।

हिजो आफैंले प्रतिबद्धता गरेको 'राजनीतिक स्थिरता र समृद्धि'को विषय कार्यान्वयन गरेर देशलाई उत्साहजनक निकास दिने दायित्व कांग्रेसमाथि नै छ। कांग्रेसले उत्साहजनक निकास दिन नसकी 'निराशाजनक' बाटोमा मुलुक गयो भने भोलिका दिनमा इतिहासले कांग्रेसलाई 'समीक्षा' नै गर्न नसक्ने तहमा पुऱ्याइदिनेछ ।

त्यतिबेला आन्तरिक रडाको गरेर बस्नुबाहेक कांग्रेससँग राष्ट्रपति, प्रधानमन्त्री र सभामुखजस्ता महत्त्वपूर्ण 'पोजिसन' केही बाँकी रहने छैन। हारजित दुवै व्यहोरेका कांग्रेसजनले यति कुराको हेक्का मात्र राखिदिए पुग्छ।**साभार अन्नपूर्णपोष्ट**